नि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९
स.नि.वि.हुका.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष २९ अंक २०६ २०७६ साल चैत ५ गते बुधबार (18 Mar. 2020 Wednesday) मूल्य रु. ५/-

**२०७५ साल भदौ १ गते देखि लागू भएको अपराध संहितामा रहेका मुख्य व्यवस्थाहरु:**

- नेपालको अन्तराष्ट्रिय सीमा अतिक्रमण गरेमा, सीमास्तम्भ हटाएमा वा ठाउँ परिवर्तन गरेमा पाँच वर्षसम्म कैद र पचार हजार रुपैयाँ सम्म जरिवाना हुने,
- नेपालको प्रतिनिधित्व गरी खेल खल्ने खेलाडीले खेलमा मिलेमतो (Match Fixing) गरेमा तीन वर्षसम्म कैद र तीस हजार रुपैयाँसम्म जरिवाना हुने,
- नेपाल विरुद्ध जासूसी गर्नेलाई पच्चीस वर्षसम्म कैद हुने,
- राष्ट्रिय गान, झण्डा वा निसान छापको अपमान वा क्षति गर्नेलाई तीन वर्षसम्म कैद वा तीस हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने,
- राष्ट्रिय विभूतिको अपमान गर्नेलाई छ महिनासम्म कैद वा पाँच हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

Log on : rajbirajdainik.com.np

यस अंक भित्र : २ पृष्ठमा : रेल मार्गले सकारात्मक ... ३ पृष्ठमा : एनसेलमार्फत माइक्रोसफ्टले ३ पृष्ठमा : केजरीवालले फेब्रुअरी १६ ...

# "प्रदेश २ ले न नाम पायो न त राजधानी नै"

**दैनिक समाचारदाता**
**धनुषा, ४ चैत ।**

प्रदेश २ को नामाकरण र स्थायी राजधानी टुङ्गो लगाउन मंगलबार सम्पन्न निर्वाचन प्रक्रिया पनि सार्थक हुन सकेन् ।

समाजवादी पार्टी र राजपाले प्रस्ताव गरेको नाम मधेश प्रदेशको पक्षमा ६० तथा स्थायी राजधानी जनकपुरधामको पक्षमा ५२ मत परेको छ । सतारुढ दलसँग रहेको ५५ मत पनि स्थायी राजधानीको पक्षमा पर्न सकेन् । यी दुबै प्रस्ताव पारित गर्न दुई तिहाई बहुमत चाहिन्छ । जुन पाउन सकेन् ।

यसअघि प्रदेश २ सभामा नेकपाले जानकी, नेपाली काँग्रेसले मिथिला भोजपुरा, काँग्रेसका प्रदेशसभा सदस्य राजेश्वर प्रसाद साहले मध्य मधेश तथा समाजवादी र राजपाले संयुक्त रुपमा मधेश प्रदेश लागि नामाकरण दर्ता गराएको थियो ।

यस्तै स्थायी राजधानीका लागि सतारुढ र विपक्ष दल समेतले संयुक्त रुपमा जनकपुरधाम प्रस्ताव दर्ता गराएको थियो । भने केही सासंदले बिरगंज प्रस्ताव दर्ता गराएका थिए । ती सबै प्रस्तावमाथी मंगलबार छुट्टाछुट्टै मतदान भएको थियो ।

सम्पन्न मतदानमा कांग्रेसको प्रस्ताव गरेको मिथिला भोजपुरा प्रदेशको पक्षमा २८ मत परेको थियो भने नेपाल कम्युनिस्ट पार्टी (नेकपा) ले प्रस्ताव गरेको जानकी प्रदेशमाथी ३७ मत आएको थियो । त्यस्तै काँग्रेसका प्रदेश सभा सदस्य राजेश्वर साहको प्रस्ताव मध्य मधेशको पक्षमा ४२ मत परेको थियो ।

यता दुबै प्रक्रियाका लागि दुई तिहाई मत आवश्यक परे पनि कुनै दलसँग यो मत छैन । प्रदेशसभामा १ सय ७ सांसद छन् र, नामबारे निर्णय गर्न चाहिने दुई तिहाई अर्थात ७२ सांसद कुनै पनि पार्टीसँग छैन ।

सबैभन्दा बढी नेकपाको ३२, समाजवादी पार्टीको ३०, राजपाको २५, कांग्रेसको १९ र संघीय समाजवादी पार्टीको एक सिट छ ।

कुनै प्रस्तावमा २ तिहाइ बहुमत पुगे निर्वाचन टुंग्याइने र नपुगेमा लगातार निर्वाचन हुनेछ । अब नामाकरण र स्थायी राजधानीका लागि समेत पुनः सुरुदेखी नै संसदीय प्रक्रिया हुने जनाइएको छ ।




# अस्पतालमा कोरोनाबाट बचाउन छैन सुरक्षाको व्यवस्था



**दैनिक समाचारदाता**
**राजविराज, ४ चैत ।**

राजविराजस्थित एक मात्र सरकारी अस्पताल गजेन्द्र नारायण सिंह अस्पतालमा कोरोना भाइरसको संक्रमितलाई बचाउनका लागि कुनै सुरक्षा व्यवस्था गरिएको छैन् ।

विश्वव्यापी रुपमा फैलिदै गएको कोरोना भाइरसको संक्रमणले गर्दा अहिले मानिसकरु त्रासमय अवस्थामा रहेको बेला सरकारी तयारी कागजमै सिमित देखिएको छ ।

मंगलबारै नेपाली काँग्रेस समर्थित युवाहरुको एक समुहले सो अस्पतालमा कोरोना भाईरसको संकमणबाट जोग्न र जोगाउन गरिएको तयारी बारे जानकारी लिएको छ ।

काँग्रेस महासमिति सदस्य मो. ईर्साद अंसारी, नेविसंघका क्षेत्रिय सभापति प्रवेज आलम, बुथ सभापति श्यामशर्मा, ईश्वर प्रसाद साह, श्याम खडगी लगायतका काँग्रेसी नेता तथा कार्यकर्ताहरु सम्मिलित टोलीले तयारीबारे

*बाँकी तीन पृष्ठमा*




देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनुका साथै स्वदेश भित्र जुनसुकै ठाउँमा रकम पठाउनका लागि सम्झनुहोस् ।

हाम्रो सेवाहरु →

**जनज्योति कृषि सहकारी संस्था लि.**
राजविराज ९, मलेठ, सप्तरी
मोबाइल नं. ९८०१५४९६०१, ६०२, ६०३, ६०४

ipay remit
WESTERN UNION MONEY TRANSFER
Best Remit
Prabhu Money Transfer
City Express
IME International Money Express
IME pay
himal remit हिमालरेमिट
CG Money
MoneyGram money transfer

## सम्पादकीय ....

### सरसफाई आवश्यक

कुनै पनि रोग निवारणका लागि सरसफाई अति आवश्यक छ। सरसफाई भएन भने विभिन्न रोगले आक्रमण गर्न सक्छ। सरसफाई भन्नाले घरवरिपरि, शरीरको सरसफाईदेखी आफू बस्ने टोल समाजको सरसफाई सम्म पर्दछ। तर राजविराज नगरपालिकाले सरसफाइका लागि निकै प्रयास गरे पनि सो अनुसारको काम हुन सकेको छैन्। राजविराजस्थित मुख्य बजारमा दिनभरी फोहरको थुप्रो त्यतिकै देख्ने गरिन्छ। नालाहरु त्यतिकै फोहर नै रहेको छ।

यस्तै घरको शौचालय भरेपछि त्यो फाहोर नालामा मिसाउने काम गर्दै आएको कसैसामु लुकेको छैन्। यसतर्फ नगरपालिकाले कुनै किसिमको ध्यान नदिंदा नगर फोहोर हुँदै गएको छ। समयमा समस्याको समाधान खोज्नेतर्फ अग्रसरता देखाउनु नै बुद्धिमानी हो।

तसर्थ नगरवासी, नगरपालिका, स्थानीय प्रशासनसहित सम्पूर्ण सरोकारवाला निकायले सरसफाइप्रति समयमै ध्यान दिन सकेमा नगर मात्रै नभएर नगरका प्रत्येक व्यक्ति स्वस्थ्य रहन सक्दछ।

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. दिनेश उप्रेती
Dr. Dinesh Upreti
MBBS, MD Internal Medicine (BPKIHS, Dharan), NMC Reg. No. : 13141
कन्सलटेन्ट फिजिसियन
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. पारसमणि शाह
Dr. Parasmani Shah
MBBS (BPKIHS), MD (BPKIHS, Dharan)
NMC Reg. No. : 13297
दुखाई विशेषज्ञ
Anaesthesiology & Critical Care Medicine
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# भ्रष्टाचारका भाइरस स्थानीय निकाय र अनुगमनकर्ता



**अमरनाथ मण्डल**

नेपालको अमुल परिवर्तनसँगै नयाँ नेपालको परिकलपना नेपाली जनताले गरेका थिए भने अहिलको परिस्थितिमा नेपालको विकासीय दृष्टिकोणको समिक्षा गर्दा अधिकांश विकासीय योजनाहरुमा भ्रष्टाचारको गन्ध आईरहेको देखिन्छ। राज्यको प्रमुख ओहदामा बसेका ओहोदारहरु चाहे त्यो प्रधानमन्त्री देखि लिएर मन्त्री तथा मन्त्रालयको सचिव र विशिष्ट श्रेणीका कर्मचारीहरु स्थानीय निकायका जनप्रतिनिधिहरु मध्येमा अधिकांश भ्रष्टाचारसँग सम्बन्ध गाँसिएर देशको अर्थतन्त्रलाई सखाप पारिरहेका छन्।

अहिले कोरोना भाइरसको प्रकोप दिन प्रतिदिन आक्रान्त बन्दै गईरहेको सन्दर्भमा नेपालमा अहिले एउटा अझै आक्रान्त भाइरसको रुपमा भ्रष्टाचार रहेको सन्दर्भ लिएर देशको मेरुदण्डलाई नै सखाप पार्ने अनौठो प्रकारको खतरनाक रोग भ्रष्टाचारले नेपाललाई सताई रहेका छन्। स्थानीय निकायमा आईरहेका बजेटहरुलाई अधिकांश ठाउँमा दुरुपयोग हुने गरेको तथ्यहरु फेला परेको कारणले गर्दा अहिलेको परिस्थितिमा विश्व नै कोरोना भाइरसको आक्रान्तबाट पिडा भोगिरहेको अवस्थामा नेपालको स्थानीय निकायहरुमा भईरहेका दिनदहाडै भ्रष्टाचारको चरम सिमा नाघेको छ।

स्थानीय निकायमा नगरपालिका, गाउँपालिकाका जनप्रतिनिधिहरुले गरिरहेका योजनाहरुको छनौट देखि लिएर विभिन्न किसिमका आर्थिक शिर्षकहरुमा विकासीय दृष्टिकोणमा आफूलाई आफ्नो अनुकुल योजनाहरुको छनौट गरी आफ्ना नातेदार, भाइभरदार, समेतलाई कोटेशन टेण्डर तथा उपभोक्ता समिति बनाई करौडोको बजेटलाई दुरुपयोग गरिहेको सन्दर्भ लिएर कसैको आँखा गएको छैन। अनुगमन र निरीक्षण गर्ने निकायहरुको तदरुपतामा खाँचो भएको कारण विकासको मेरुदण्डमा नै मानिने स्थानीय निकाय ग्रामिण स्तरको भौतिक निर्माण कार्यहरु माटो ग्राइभेल कामहरुको मापदण्ड विपरित विना अनुगमन र निरीक्षणबाट नै कतिपय नगरपालिका र गाउँपालिका भुक्तानी दिएको र दिईरहेको अवस्थामा नेपालको भ्रष्टाचार प्रवृत्तिको विकास दिनप्रतिदिन बढिरहेको देखिन्छ।

स्थानीय निकाय मात्र होइन। प्रदेश सरकार, संघीय सरकार र सिंह दरबारमा बसेका अधिकांश पहरेदारहरुको भ्रष्टाचार प्रवृत्तिले नेपालको अर्थतन्त्रमा कोरोना भाइरस भन्दा खतरनाक संक्रमणको स्थिति उत्पन्न भएका छन्। लेमनची खानेपानी योजना, बागमती योजना तथा देशका ठुला ठुला योजनाहरुमा कमिशन तन्त्रले गर्दा ठेकेदारहरुको ठेक्का प्रथामा ठूलो फाइदा देखिएको अवस्थामा जुन ठेकेदारले देशका ठूला नेता मन्त्रीहरुलाई कमिशन नदिएको सन्दर्भमा या त नेपालबाट त्यो ठिक्का र ठेकेदारले भाग्नु परेको प्रमाणहरु हाम्रो सामु रहेको छ। भर्खरै केपी ओली सरकारको एक मन्त्रीले प्रेस प्रकरण लिएर कमिशनको विवादमा मुछिएको प्रकरणहरु हाम्रो सामु रहेको अवस्थामा बलुवाटारको जग्गा कमिशन विवादमा पूर्व प्रधानमन्त्री तथा नेपाली काँग्रेसको उपाध्यक्ष विजय कुमार गच्छदारले भ्रष्टाचारको कारवाहीमा परेको सन्दर्भ लिएर नेपालमा उच्च ओहदामा आसिन रहेका पदवहाल रहेका ओहेदारहरु नै भ्रष्टाचारको प्रमुख कारक रहेको सिद्ध भईरहेका छन्।

देशको अर्थतन्त्र संघीयता तथा गणतन्त्रको परिवेशमा नेपाली जनताले धेरै आशा र विश्वासबाट प्रजातन्त्रिक अभ्यासको परिपाटीलाई स्वीकार गरेका थिए भने पूर्व राजा महाराजाहरुको गद्दीहरु समेत छिनेका आन्दोलनहरुले नेपाललाई भ्रष्टाचार मुक्त सुन्दर नेपालको परिकल्पना नेपाली जनताले गरेका थिए। गणतन्त्रको परिवेशमा देशको कम्युनिष्ट सिद्धान्तलाई पूर्ण बहुमतको मतबाट सरकारमा पुगाएका प्रधानमन्त्री देखि लिएर मन्त्रीहरुको सम्पत्तिको छानविन तथा भोलीका दिनमा हवाई चप्पल लगाएका नेताहरुले महल तथा पजेरो जोड्न सफल भएका तथ्यहरुलाई निष्पक्ष तथा स्वतन्त्र निकायबाट छानविन समिति बनाई अनुगन निरीक्षण गरी देशको ठूलो भाइरस भ्रष्टाचारलाई र भ्रष्टाचारीलाई कानुनको कठघारामा उभ्याउनुपर्ने अवस्था देखिन्छ। संघीयताको परिवेशमा स्थानीय सरकारबाट सुविधा भोगेको भोगहरुको गलत व्याख्या गरी गाडी तेल खर्च, क्वाटर खर्च, कार्यालय खर्च तथा माथिबाट कमिशन तन्त्रको विगविगीले देशलाई आर्थिक भारमा पारि रहेको सन्दर्भमा हाम्रो सामु रहेको छ। प्रदेश सरकार र स्थानीय सरकारबाट निर्माण कार्यको लागि निकासा भइरहेको रकमहरुको बाँडफाँड गर्नु भन्दा पहिले जनप्रतिनिधिहरु मन्त्रीहरु कमिशनको तालमेल मिलाई, कमिशन दिने व्यक्तिलाई टेण्डर कोनेशन तथा उपभोक्ता समिति बनाउने षड्यन्त्रहरुलाई राज्यको तर्फबाट सशक्त रुपमा कारवाहीको दायराहरुलाई फराकिलो बनाई कानुन कठघारामा उभ्याउनुपर्ने अवस्था सिर्जजना गर्नुपर्दछ।

गाउँपालिका, नगरपालिका तथा प्रदेश सकरारबाट विनियोजित भई आएका विकासीय बजेटहरुलाई कार्यान्वन भएको छ कि छैन भने जस्ता निरीक्षण गरी निर्माण भईरहेका स्थलहरुमा अनुगमन निरीक्षण तिब्रताका साथ सक्रिय रुपमा अगाडी बढाउनुपर्ने अवस्थाको सिर्जना नेपालको एक मात्र भ्रष्टाचार न्यूनीकरण संस्था अख्तियार दुरुपयोग अनुसंधानलाई राजनीतिक पर राखी निपक्ष रुपमा छानविनको परिधिलाई स्वतन्त्र छोड्नुपर्ने अवस्था देखिन्छ। एउटा लेखमा नेपालका पूर्व प्रधानमन्त्री बाबुराम भट्टराईले नेपालमा कोरोना भाइरस भन्दा बढी खतरनाक भाइरसको रुपमा भ्रष्टाचार रहेकोले हरेक क्षेत्रमा देखिएका यी प्रवृत्तिलाई न्यूनीकरण तर्फ उन्मुख गर्न सर्वसाधारण नागरिक समाज राजनीतिक लगायतका सामाजिक परिवेशको वहस गर्ने सचेत नागरिकको कर्तव्य दायित्व भ्रष्टाचार गर्ने जो सुकै व्यक्ति तथा पदवालाहरुलाई संचार माध्यमहरुबाट नंग्याउनुपर्ने अवस्थाको सिर्जना गर्नुपर्ने अहिलेको परिवेश देखिन्छ।

अनुगमन तथा निरीक्षण र कारवाही गर्ने निकायहरु आफैंमा भ्रष्टाचारसँग तालमेल गरी भ्रष्टाचारीहरुलाई प्रोत्साहन गर्ने कुप्रवृत्तिले गर्दा भ्रष्टाचारको प्रवृत्तिहरु बढिरहेको बिकिन्छ। नेपालको कानुनले भ्रष्टाचार गर्ने व्यक्तिलाई सहज रुपमा उम्कन बनाएका कानुनहरु अबका दिनमा श्रीलंका पाकिस्तान माल्दिस, बंगलादेश र हाम्रा मित्र राष्ट्र भारतमा अपराधीहरुलाई उम्र कैद देखि लिएर फाँसीसम्मको सजाय दिने प्रावधानहरु रहेकोले नेपालमा पनि नेपालको अर्थतन्त्रलाई नै सखाप पारी नेपाली जनतालाई गरिबी रेखामुनी पुऱ्याउने अपराधीहरुलाई दण्डको भागेदार बनाउनुपर्ने संसदीय परिपार्टीमा संसदीय समितिहरुलाई समेत जिम्मेवारी रहेको देखिन्छ।

# कोरोना भाइरसका बिरामीका लागि छुट्टै ७५ शचया बनाइदैं

चितवन, ४ चैत (रासस)।

यहाँ कोरोना भाइरसका शङ्कास्पद बिरामीलाई उपचार गर्न ७५ शचयाको आइसोलेसन वार्ड बनाइने भएको छ। जिल्ला प्रशासन कार्यालयले सोमबार पत्रकार सम्मेलन गरी यहाँको ठूलो सरकारी अस्पताल भरतपुर अस्पताल र दुई मेडिकल कलेज एवं निजी अस्पतालमा ती वार्ड व्यवस्थापन गर्न लागेको जनाएको छ।

प्रमुख जिल्ला अधिकारी नारायणप्रसाद भट्टराईका अनुसार भरतपुर अस्पतालमा हाल सञ्चालनमा रहेका १९ शचयालाई थप गरी २० पुऱ्याइने, दुई मेडिकल कलेजमा २०/२० शचयाको छुट्टै कक्ष बनाइने र निजी अस्पतालमा १५ शचया व्यवस्थापन गरिने छ।

जिल्लामा आएका शङ्कास्पद बिरामीलाई राख्नका क्वारेन्टाइन निर्माणका लागि स्थानको खोजी भइरहेको छ। उहाँले भन्नुभयो, "शङ्कास्पद बिरामीलाई राख्नका लागि क्वारेन्टाइन बनाउने ठाउँको खोजीमा छौं। सम्भवतः छिट्टै टुङ्गिने छ।"

जिल्ला प्रशासन कार्यालयले सबै चनाखो भएर पूर्वतयारी गर्न आग्रहसमेत गरेको छ। प्रशासनले जिल्लामा भित्रने नाकामा कडाइ गर्न लागेको छ। विदेशी नागरिक प्रवेश गर्न सक्ने नाका भरतपुर विमानस्थल, पर्साको ठोरी हुँदै माडी जोड्ने नाकामा जाँचको व्यवस्था मिलाइएको पत्रकार सम्मेलनमा जानकारी दिइएको थियो।

पत्रकार सम्मेलनमा सङ्क्रमण हुन नदिन र भइहालेमा आवश्यकतानुसार एम्बुलेन्स प्रयोग गर्न सक्ने गरी तयारी गरिएको, जनचेतनामूलक कार्यक्रम गर्न लगाइएको, सङ्घ, प्रदेश र स्थानीय तहसँग समन्वय भइरहेको जानकारी दिइएको थियो। यस्तै स्वास्थ्यकर्मीलाई अत्यन्त जरुरी कामबाहेक बिदा नबस्न पत्राचार गरिएको, त्रास फैलाउने मनसायले सामाजिक सञ्जालमा सूचना सम्प्रेषण गर्ने व्यक्तिलाई कारवाही अघि बढाइएको, पारिवारिक भेटघाटबाहेक अन्य जमघटका कार्यक्रम नगर्न निर्देशन दिइएको र कालोबजारी नियन्त्रणका लागि घोषित तथा अघोषित अनुगमनलाई तीव्र बनाइएको पत्रकार सम्मेलनमा जानकारी दिइयो।

बजारमा कृत्रिम अभाव सिर्जना गर्नेलाई शून्य सहिष्णुता अपनाएर कारवाही गरिने प्रशासनले जनाएको छ। बजारमा अहिले माक्सको अभाव भएको भए पनि यसलाई व्यवस्थित गर्नका लागि कार्यालयले सङ्घीय सरकारसँग आग्रह गरेको सो अवसरमा जानकारी दिइएको थियो।

# मधेशमा कोरोनासम्बन्धि सचेतना आवश्यक



**डा. रामदेव पंडित**

विश्व कोरोनाको आतंकबाट त्रसित छ । महाशक्ति राष्ट्रहरू पनि कोरोनाको प्रकोपबाट बच्न सकेका छैनन् । केही दिन अघि मात्र विश्व स्वास्थ संगठनले नेपाल कोरोना प्रकोपको उच्च जोखिममा रहेको देखाएको छ । तर हर्षको कुरा अहिले सम्म कोरोना संक्रमणले नेपालमा प्रवेश पाईसकेको छैन ।

यस परिस्थितिमा नेपालमा प्रवेश गर्ने कोरोनाले मधेश एवं आम मधशीहरूलाई प्रभावित गर्दैन भनेर चुपचाप बस्नु मुर्खता हुनेछ । किन कि कोरोना प्रकोपको उच्च जोखिममा रहेको नेपालमै मधेश पर्छ । जहाँको स्वास्थ संस्थाहरू सबल छैनन् । मधेशी जनतामा स्वास्थ एवं सरसफाईको चेतना स्तर कमजोर रहेको पाइन्छ । अतः मधेश अन्य क्षेत्र भन्दा थप जोखिममा छ ।

कोरोना प्रकोपले ग्रसित चीनले नेपालका सबै सीमा बन्द गरिसकेको छ । नेपालको एक मात्र अन्तराष्ट्रिय विमानस्थलबाट हुने सबै अन्तर्राष्ट्रिय उडानहरू बन्द गरिका छन् । भारतमा कोरोनाले प्रभाव परिसकेको छ २ जनाको मृत्यस सकेत भईसकेको छ भने सयौं संक्रमित भएका छन्, , नेपालको भारतको खुल्ला सीमाक्षेत्रको अधिकाशं क्षेत्र मधेशसँग जोडिएको छन् । जहाँ मान्छेहरू निर्वाद रूपमा नेपाल भारत आउने जाने गर्दैछन् । त्यसबाट मधेशमा संक्रमण अझ सजिलै प्रवेश गर्न सक्ने देखिन्छ । भारत तर्फबाट पनि चारवटा नाका मात्र खुल्ला गरिएको छ भने अन्य नाकाहरुमा मालवाहक सवारीसाधान मात्र आवातजावत गर्न सकिने व्यवस्था गरिएको छ, सीमा नाकामा हेल्थ डेस्कहरु संचालन गरिएका छन् तर, यतिमात्र कोरोना रोकथामको लागि पर्याप्त भने छैन । यदि मधेशमा कोरोना संक्रमण भित्रिए र फैलिन सुरूभए परिस्थिति के होला ? के मधेशका स्थानीय सरकारहरू र प्रदेश सरकारहरू यस कुरा प्रति सचेत छन् त ? यस स्थितिमा मधेशका नेतृत्ववर्गहरू सचेत एवं संगठित रूपमा यस संवेदनशील विषयप्रति सक्रिय भएर लाग्नु आवश्यक छ ।

मेडिकल जर्नल अफ अष्ट्रेलिया र बेलायतबाट प्रकाशित हुने ल्यानसेट जर्नलमा प्रकाशित तथ्याङ्ग अनुसार ९० प्रतिशत करोरोना संक्रमित मान्छेमा निम्न ३ प्राथमिक लक्षण देखिन्छ भनिएको छ १. ज्वरो, २. खोंकी र ३. स्वास बढ्नु । यी ३ लक्षण दैखने बित्तिकै स्वस्थ परिक्षण गर्नु गराउनु पर्दछ । यसका लागि स्थानीय सरकारले सहज बातावरण बनाई दिनुपर्छ ।

मधेशमा मास्क लाउने चलन कमै मात्र रहेको थियो । यतिबेला स्थानी सरकारले मधेशी जनतालाई मास्को महत्व बताई उनीहरूलाई मास्क लगाउन प्रोत्सान गर्नुपर्छ । उनीहरूका लागि सहज र सुलभ रूपमा मास्क उपल्बध गराईदिनुपर्छ । भारतले मास्क नीर्यात बन्द गरी सकेको छ र नेपाल भारत खुल्ला सीमा क्षेत्रमा मास्को तस्करी र कालाबाजारी भईरहेको छ । त्यसलाई नियन्त्रण गर्नसक्नुपर्छ ।

मधेशमा अधिकाशं जनता किसान छन् जसलाई पटक पटक हातधुने कुर सिकाउन र गर्न बाध्य बनाउन सहज छैन । यसका लागि स्थानीय सरकार सक्रिय बन्नुपर्छ ।

मधेशमा स्थानीय रूपमा धेरै स्थानमा हाट बजार लाग्ने गर्दछ । जहाँ धैरे मानिसको जमघट हुने गर्दछ र संक्रमणका अनेक थरी स्रोतहरू पनि सँगै उपल्बध रहेको हुन्छ । ती हाट बजारलाई केही समयको लागि बन्द नै गर्नु पर्छ ।

जनजनलाई योगाभ्यास गर्न प्रेरित गर्नुपर्छ, भास्त्रिका, कपालभाँती र अनलोम विलोन प्राणायाम थप प्रभावकारी हुन्छ । माछा मासुको प्रयोग केही समय नगर्न सुचना प्रवाह गराउनु आवश्य छ । भोज भतेर पनि नगर्न गराउन सुचना प्रभावकारी रूपमा जारी गनुपर्छ ।

मधेशी जनता स्वयं पनि यसबेला सजगता अपनाउनु पर्छ । प्राकृतिक वनस्पतिजन्य खानेकुरा, व्यायाम, उपवास तथा तनावरहित सकारात्मक सोचबाट नै मानिसको इम्युनिटि शक्तिशाली हुन्छ । जसको लागि गुरूजी लत्तीको काढा र तुलसीको पातको रस पनि इम्युनिटि बुष्टरको रूपमा प्रयोग गर्न सकिन्छ । पटक पटक गरी दिन भरी तातो पानी वा तातो पानीमा बेसार राखेर पिउनुपर्छ । घरबाट बाहिर निस्कदा लहसुन र अदुवाको टुक्रा मुखमा राखेर सुपारीझैँ चुस्ने गर्न सकिन्छ । सार्वजनिक यातायातको यात्रालाई सकेसम्म पन्छाउने, होटलमा खान नजाने, अन्य व्यक्तिसँग स्वासप्रस्वासबाट प्रभावित (सास जुध्ने स्थिति) बाट बच्नु नितान्त जरूरी छ ।

उपयुक्त खानाका रूपमा घरमै त्यार गरिएको भेजिटेबल सुप, मुडको दाल, खिचडी, परम्परागत खानपानमा भात, रोटी, सलाद आदि स्वस्थकर खान सबैलाई प्रोत्साहन गर्नुपर्छ । लसुन, प्याज, नरिवलको तेलका साथ बनेका खानेकुराहरू, अल्मोन्ड बदाम, ओखर आदि चिजहरू पनि खाने सल्लाह दिनुपर्छ ।

हरेक तरिकाले जनजनले आफ्नो रोग प्रतिरोधात्मक क्षमतालाई सबल बनाई राख्ने प्रयत्न गनुपर्छ । संक्रमण फाटफुट रूपमा देखापर्न थालेको अवस्थामा घरबाट बाहिर ननिस्कनु र घरलाई किटाणुनासक औषधीद्वारा सुरक्षित राख्नु जरूरी हुन्छ ।

मधेशमा होली एक बिशेष पर्व मानिन्छ । यस बर्ष उल्लासको वातावरण नभएकोले, होली न मनाउन आग्रह गरिनुपर्छ । होलीमा हुने जमघटले कोरोना संक्रमण आउने सम्भावना रहन्छ । अतः यसबर्ष बर्ष होली पर्व पारिवारिक स्तरमा मात्र सिमित रही मनाउन सरकारले हार्दिक अपिल गनुपर्दछ ।

*(मधेश दर्पण फिचर सेवा)*

# एसइई परीक्षा : स्वास्थ्य परीक्षण अनिवार्य गराउन शिक्षकको माग

काठमाडौं, ४ चैत (रासस) ।

नेपाल शिक्षक महासंघले यही चैत ६ गतेदेखि सञ्चालन हुने माध्यमिक शिक्षा परीक्षा कक्षा १० (एसइई) को सबै परीक्षा केन्द्रमा अनिवार्य स्वास्थ्य परीक्षण गराउन माग गरेको छ ।

महासंघका अध्यक्ष बाबुराम थापाले विश्वव्यापी संक्रमण भइरहेको 'कोभिड-१९' लाई सामना गर्दै परीक्षा सञ्चालनको विकल्प नभएकाले त्यसप्रति होसियारी हुन विद्यार्थीलाई परीक्षा हलमा प्रवेश गराउनुपूर्व स्वास्थ्य परीक्षण गर्न/गराउन सरकार र शिक्षक समुदायलाई सुझाएको बताउनुभयो । रासससँग कुरा गर्दै अध्यक्ष थापाले महासंघको सोमबार सम्पन्न राष्ट्रिय कार्यसम्पादन समितिको बैठकले परीक्षालाई सतर्कतापूर्वक सञ्चालन गर्न सघाउने निर्णयसहित स्वास्थ्य परीक्षण अनिवार्य गराउन माग गरेको जनाउनुभयो । सो परीक्षामा साधारण र प्राविधिकतर्फ गरी चार लाख ८२ हजार २ विद्यार्थीले आवेदन दिएका छन् भने र एक हजार ९९४ परीक्षा केन्द्र तेकिएको छ ।

ललितपुरको रुद्रायणी मावि, खोकना परीक्षा केन्द्रका केन्द्राध्यक्षसमेत रहनुभएका अध्यक्ष थापाले परीक्षाका क्रममा विद्यार्थीलाई कुनै हतोत्साहित नगरी मर्यादित बनाइने पनि स्पष्ट गर्नुभयो । उहाँले परीक्षापछि पढाइ नहुने भएपनि कोरोनाका कारण विद्यालयमा शिक्षकलाई विदा दिनुनपर्ने सो अवधिमा शिक्षकले आगामी शैक्षिक सत्रको योजना तर्जुमा गर्न सुझाव दिनुभयो ।

***अस्पतालमा ...***

निरिक्षण गर्नुका साथै आवश्यक जानकारी लिएका हुन् ।

अस्पताल पुगेर फर्केपछि टोलीको नेतृत्व गरेका काँग्रेस महा समिति सदस्य अंसारीले कोरोना सुरक्षाको बारेमा सरकारबाट निकै प्रचारवाजी गरिएपनि अस्पतालको अवस्था हेर्दा सो अनुसारको कुनै व्यवस्था नरहेको पाईएको सुनाए ।

उनले अब केन्द्र सरकारको मात्र भर नपरी जिल्लाका १८ वटै स्थानिय तह समेतले यसको बारेमा चासो देखाउनु पर्ने आवश्यक रहेको बताए ।

यता संघिय सरकारको मातहतमा रहेको यस अस्पतालमा स्वास्थ्यकर्मी तथा सर्वसाधारणका लागि सुरक्षाका कुनै सामग्री बढाईएको छैन । मन्त्रालयबाट कोरोना भाईरस जोखिमबाट जोगाउन न त कुनै उपकरण र सामग्री पठाईएको छ । न त कुनै परिपत्र नै, मंगलबार अस्पतालका निमित मेडिकल सुप्रिटेन्डेन्ट डा. दिलिप साहले फेसबुकको माध्यमले मात्र सरकारले विभिन्न कार्य योजना बनाएको सुन्ने गरेको बताए ।

मन्त्रालयबाट कुनै निर्देशन, पत्राचार तथा सुरक्षाका कुनै सामग्री प्राप्त नभएपनि उपलब्ध साधन श्रोतले ४ शैयाको आइसोलेसन कक्ष तथा केहि सचेतना मुलक प्रचार प्रसार सामग्री तयार गरी अस्पताल हातामा झुण्डाईएको उनको भनाई छ ।

उनले हालसम्म स्वास्थ्यकर्मीको सुरक्षाका लागि समेत सरकारबाट कुनै सामग्री प्राप्त नहुँदा कोरोना भाईरस संक्रमित व्यक्ति फेला परि हाले स्वास्थ्यकर्मी पनि जोखिममा पर्ने अवस्था रहेको गुनासो सुनाए ।

मे.सु. डा. साहले उपचारमा खटिने स्वास्थ्यकर्मीका लागि खुट्टादेखि टाउँको सम्म छोपिने खालको सुरक्षा सामग्री, बिषेश खालको मास्क तथा अन्य उपकरण आवश्यक पर्ने भएपनि ती मध्ये कुनै पनि सामग्री अस्पतालमा नरहेको लाचारी व्यक्त गरे ।

यता आवश्यक जनशक्ति र उपकरणको अभावमा हाल यस अस्पतालमा भिडियो एक्सरे सेवा बन्द रहेको छ भने सिटि स्क्यान र आईसियु सेवा समेत नहुँदा कुनै संकमित व्यक्ति आई हाले धरान र टेकु पठाउनुको विकल्प नभएको उनको भनाई छ ।

## विश्व समाचार

# कोरोनाका कारण ६ हजार ६०० बढीको मृत्यु

जेनेभा, ४ चैत (रासस/सिन्ह्वा) ।

विश्वभरी महामारीका रुपमा फैलिँदै गएको कोरोना भाइरसको सङ्क्रमण १५२ भन्दाबढी देशमा पुगेको छ । विश्व स्वास्थ्य सङ्गठनले सार्वजनिक गरेको सोमबारसम्मको विवरणअनुसार संसारभरी एक लाख ६७ हजार ५११ जनामा कोरोना भाइरसको सङ्क्रमण पुष्टि भएको छ ।

यो सङ्ख्या अघिल्लो दिनको तुलनामा १३ हजार ९०३ बढी भएको अधिकारीले जानकारी दिएका छन् । त्यसैगरी मृत्यु हुनेको सङ्ख्या पनि अघिल्लो दिन भन्दा ८६२ ले बढेको विश्वव्यापी विवरणमा उल्लेख गरिएको छ । योसँगै विश्वभरी कोरोनाका कारण मृत्यु हुनेको सङ्ख्या छ हजार ६०६ पुगेको छ । कूल मृत्यु भएको र सङ्क्रमितको तथ्याङ्क हेर्दा चीनपछि कोरोनाको केन्द्र युरोप क्षेत्र भएको छ । यूरोपेली देशमध्ये सबैभन्दा बढी इटाली, स्पेन, फ्रान्स, जर्मनी, स्विट्जरल्याण्डलगायका देश प्रभावित भएका छन् ।

# कोरोना संक्रमित संख्या दिनप्रतिदिन बढ्यो

न्यूयोर्क, ४ चैन (रासस/सिन्ह्वा) ।

कोरोना भइरसबाट सङ्क्रमित र मृत्यु हुनेको सङ्ख्या दिन प्रतिदिन बढ्दै गइरहेको छ । सबैभन्दा धेरै मृत्यु र सङ्क्रमित हुनेको सङ्ख्या इटलीमा रहेको छ । इटलीमा मङ्गलबार २७ हजार ९८० बिरामी भएकोमा दुई हजार १५८ जनाको मृत्यु भएको छ ।

बिरामीमध्ये दुई हजार ७४९ जनालाई निको भएको छ भने २३ हजार ६३ जना बिरामी अवस्थामै रहेका छन् । बिरामीमध्ये एक हजार ८५१ जना गम्भीर अवस्थामा रहेका छन् । अमेरिकामा सोमबार रातिसम्म बिरामीको सङ्ख्या चार ८०० सय पुगेको छ । पछिल्लो २४ घण्टामा झण्डै एक हजार बिरामी थपिएका छन् । मृत्यु हुनेको सङ्ख्या भने ८५ रहेको छ । तीमध्ये आधाभन्दा बढी वासिङ्टनका रहेको छन् भने न्यूयोर्कमा १० क्यालीफोर्नियामा सात जनाको मृत्यु भएको छ ।

भारतमा मङ्गलबारसम्म १२५ जना सङ्क्रमित भएका छन् । तीमध्ये १०३ जना भारतीय नागरिक नै छन् भने २२ जना विदेशी रहेका छन् । भारतमा कोरानाका कारण अहिलेसम्म दुई जनाको मृत्युभएको छ भने १३ जना उपचारपछि घर फर्किएका छन् । दक्षिण कोरियमा पछिल्लो २४ घण्टामा ८४ जना बिरामी थपिएका छन् । योसँगै कूल सङ्क्रमितको सङ्ख्या आठ हजार ३२० पुगेको छ ।

त्यसैगरी थप छ जनाको मृत्यु भएसँगै कोरियामा कूल मृत्यु हुनेको सङ्ख्या ८२ पुगेको अधिकारीले जनाएकाछन् । बिरामी र सङ्क्रमित भएकामध्ये २६४ जना सन्चो भएर घर फर्किएका छन् । फ्रान्समा छ हजार ६३३ जना सङ्क्रमित भएका छन् भने कूल १४८ जनाको मृत्युभएको छ । स्वास्थ्य मन्त्रालयले सार्वजनिक गरेको पछिल्लो विवरणअनुसार १२ जनालाई निको भइसकेको छ । बिरामी नै अवस्थामा रहेका छ हजार ४७३ जनामध्ये ४०० जना गम्भीर अवस्थामा रहेका छन् ।

अष्ट्रेलियामा कूल बिरामीको सङ्ख्या ४४० पुगेको छ । तीमध्ये ३९ जना पछिल्लो २४ घण्टामा थपिएका छन् भने अहिलेसम्म कूल पाँच जनाको मृत्यु भएको सरकारी अधिकारीले जानकारी दिएका छन् । अष्ट्रेलियाबाट उडान हुने अन्तरराष्ट्रिय हवाई सेवामध्ये ९० प्रतिशत उडान स्थागित भएका छन् । ब्राजिलमा कोरोना भाइरसबाट सङ्क्रिमत सङ्ख्या २३४ पुगेको छ । तीमध्ये ३४ जना पछिल्लो २४ घण्टामा थपिएका छन् । इजिप्टमा भने पछिल्लो २४ घण्टामा दुईजनाको मृत्यु भएको थप ४० जना गरी कूल सङ्क्रमितको सङ्ख्या १६६ पुगेको छ । मृत्यु हुनेको सङ्ख्या चार पुगेको छ । इजरायलमा स्वास्थ्य परीक्षण गरिएका मध्ये पछिल्लो समयमा थप ८५ जनामा कोरोना भाइरस रहेको पुष्टि भएको छ, योसँगै कूल सङ्क्रिमतको सङ्ख्या २९८ पुगेको छ । इराकमा थप एक जनाको मृत्यु भएको छ भने छ जना थप सङ्क्रमित भेटिएका छन् । योसँगै कूल मृत्यु हुनेको सङ्ख्या १० र सङ्क्रमित हुनेको सङ्ख्या १३३ पुगेको छ ।

त्यसैगरी इरानमा १४ हजार ९९१, स्पेनमा नौ हजार ९४२, जर्मिनीमा सात हजार २६२, नेदरल्याण्डमा एक हजार ४१३ जना सङ्क्रमित भएको विवरण विश्व स्वास्थ्य सङ्गठनले सार्वजनिक गरेको जनाइको छ । जापानमा कोभिड-१९ बाट ८२१ सङ्क्रमण भएको मङ्गबार जापानको स्वास्थ्य मन्त्रालय र स्थानीय सरकारले मङ्गलबार जानकारी दिएको छ । स्थानीय समयानुसार मङ्गलबार बिहान १०:३० सम्म ८२१ जनामा सङ्क्रमण देखिएका छ । जापानमा कोरोना भाइरसको सङ्क्रमणको कारण हाल सम्म ३५ व्यक्तिको मृत्यु भएको छ । स्वास्थ्य मन्त्रालयका अनुसार कोरोना भाइरसका कारण ज्यान गुमाउनेहरुमा टोकियोनजिकको योकोहामामा भाइरसबाट प्रभावित डायमण्ड प्रिन्सेस् क्रूज जहाजमा रहेका व्यक्तिहरुमा पनि समावेश छन् ।

# भारतमा कोरोनाका कारण तेस्रो व्यक्तिको मृत्यु

मुम्बाइ, ४ चैत (रासस/सिन्ह्वा) ।

भारतमा कोरोना भाइरसको सङ्क्रमणका कारण थप एक जनाको मृत्यु भएको छ । भारतको व्यापारिक राजधानी मुम्बाईमा ६४ वर्षीय पुरुषको मृत्यु भएको स्थानीय सञ्चारमाध्यमले मङ्गलबार जनाएको छ । ती व्यक्ति दुबइको यात्राबाट फर्किएका जनाइएको छ । भारतमा यसअघि दुई जनाको कोरोनाकै कारण मृत्यु भएको स्वास्थ्य अधिकारीले पुष्टि गरेका थिए । कोरोना भाइरसको कारण सङ्क्रमित भई मृत्यु भएको तेस्रो व्यक्ति भारतको पश्चिमी राज्य माहाराष्ट्रका भएका जनाइएको छ । गत बिहीबार कोरोना सङ्क्रमित पहिलो व्यक्तिको मृत्यु भएको भारतले घोषणा गरेको थियो । ती व्यक्तिको गत मङ्गलबार कर्नाटकमा मृत्यु भएको थियो । यस अघि मृत्यु भएका दुबै व्यक्ति पनि महिला भएका जनाइएको छ । भारतमा कोरोना भाइरसका कारण हालसम्म तीन व्यक्तिको मृत्यु भएको र सङ्क्रमितको सङ्ख्या १२५ पुगेको छ ।

# अवैध घरेलु मदिरा भट्टी नष्ट



**दैनिक समाचारदाता**
**बारा, ४ चैत ।**

जिल्ला प्रहरी कार्यालय बारा, ईलाका प्रहरी कार्यालय सिमरा कोल्हवी, जितपुर र सिमा प्रहरी चौकी छतवा बाराको संयुक्त प्रहरी टोलीले अवैध रुपमा संचालन घरेलु मदिरा भट्टीहरु नष्ट गरेको छ ।

बारा जिल्लाको जितपुरसिमरा उपमहानगरपालिका, कोल्हवी नगरपालिका, फेटा गाँउपालिकालगायत अन्य विभिन्न स्थानहरूबाट अवैध घरेलु मदिरा भट्टीहरू नष्ट गरेको हो ।

प्रहरीले ८ वटा अवैध भट्टीहरुबाट ३ हजार १ सय ६० लिटर कच्चा पदार्थ र १ सय लिटर तयारी मदिरा नष्ट गरेको प्रहरीले जनाएको छ ।

यस्तै जिल्ला प्रहरी कार्यालय धनुषा तथा मातहत समेतबाट खटिएको प्रहरी प्रहरी टोलीहरुले जिल्लाका विभिन्न स्थानहरुबाट ५ वटा भट्टी नष्ट गरेको छ । त्यस्तै ५ सय ९० लिटर कच्चा पदार्थ, १ सय ४५ लिटर तयारी मदिरा, प्लाष्टिक, तामा, सिल्वर, माटोका भाडाकुडाहरु तथा घरेलु मदिरा उत्पादनमा प्रयोग हुने मेसिन समेत नियन्त्रणमा लिएको छ ।

# गाडीसहित छोकडा बरामद



**दैनिक समाचारदाता**
**पर्सा, ४ चैत ।**

पर्सा प्रहरीले मिनि ट्रक गाडीमा छोकडा लगायतका बस्तु चोरी निकासी गदै गरेको अवस्थामा नियन्त्रणमा लिएको छ ।

नेपालबाट भारततर्फ लैजादै गरेको बिशेष सुचनाको आधारमा जिल्ला प्रहरी कार्यालय पर्साबाट खटिएको प्रहरी टोलीले बीरगंज महानगरपालिका वडा नं.१६ स्थित बेवारिसे अवस्थामा सो ट्रक नियन्त्रणमा लिएको हो ।

ना.५.ख ८४८१ नम्बरको मिनि ट्रक र लोड रहेको ३ हजार ५ सय किलो छोकडा नियन्त्रणमा लिई आवश्यक कारवाहीको लागी राजश्व अनुसन्धान कार्यालय पथलैया बारामा बुझाएको जनाएको छ ।

# लागूऔषधसहित दुई पक्राउ

**दैनिक समाचारदाता**
**रौतहट, ४ चैत ।**

रौतहट जिल्लाको मौलापुर नगरपालिका ५ पथरा स्थितबाट प्रहरीले दुई जनालाई लागुऔषधसहित पक्राउ गरेको छ ।

मौलापुरबाट बंकुल तर्फ जादै गरेको ना.१४प. २५१० नम्बरको मोटरसाईकलमा सोही नगरपालिका ३ बस्ने ३१ वर्षि मोटरसाईकल चालक नरेश महतो र सोही स्थान बस्ने २२ वर्षिय बिरजान महतोलाई प्रहरीले गाँजा जस्तो देखिने अन्दाजी २ किलो, चरेश जस्तो देखिने अन्दाजी २ सय ५० ग्राम, हरिणको सिँग एक थानसहित पक्राउ गरेको हो ।

# कोरोना भाइरस बारे सचेतना कार्यक्रम सम्पन्न



**दैनिक समाचारदाता**
**राजविराज, ४ चैत ।**


उच्च अदालत जनकपुर राजविराज इजलासले मंगलबार कोरोना भाइरसको संक्रमणबाट जोगिन र जोगाउनका निम्ति सचेतना कार्यक्रम सम्पन्न गरेको छ ।

सो सचेतना कार्यक्रममा डा. अशोकानन्द मिश्रले विश्वको अधिकांश मुलुकमा कोरोनाले त्रासमय वातावरण सृजना गरेको भन्दै यसबाट जोगिन सबैले सतर्कता अपनाउनु पर्ने सुझाव दिएका थिए । उनले हालसम्म नेपालमा यस भाइरसको संक्रमण नदेखिए पनि यसबाट बच्न सबै सचेत हुनु पर्नेमा जोड दिए । यसका लागि मानिसहरुले पानी अधिक मात्रामा पिउनु पर्ने, साबुन पानीले हात धुनुपर्ने र मास्क लगाउनु पर्ने सुझाव दिए ।

त्यस्तै गजेन्द्र नारायण सिंह अस्पतालका निमित्त मेसु डा. दिलिप कुमार साहले हालसम्म कोरोना भाइरसको औषधी नबनेकोले मानिसहरुले सावधानी अपनाउनु पर्ने बाहेकको विकलप नरहेको स्पष्ट समेत पारे । उनले राजविराजस्थित सरकारी अस्पतालमा यस रोगको पहिचान र उपचार बारे कुनै तयारी नरहेको समेत स्पष्ट पारे ।

अदालतका मुख्य न्यायाधिश प्रकाशचन्द्र गजुरेलको अध्यक्षतामा आयोजित कार्यक्रममा जिल्ला बारका अध्यक्ष डोमन साह लगायतका विभिन्न वक्ताहरुले सुझाव दिएका थिए ।




देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।

हाम्रो सेवाहरु →

**नेपाल सहकारी संस्था लि.**

राजविराज ४, फोन नं. ०३१-५२१०९६




**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*